पर्यटकिय नगरी
TOURISTIC MUNICIPALITY
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
कृषि सेवा शाखा
AGRICULTURE SERVICE SECTOR
फिक्कल, इलाम कोशी प्रदेश, नेपाल ।
Fikkal, ilam, Koshi Province, Nepal

प.स-२०८१/०८२ मितिः२०८१।१०।२८

च.न.

प्रस्ताव आह्वान सम्बन्धी सूचना !!!

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि सेवा शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत चिया गुणस्तर प्रवर्द्धन कार्यक्रम अन्तर्गत सूर्योदय नगरपालिकाको २५ प्रतिशत, प्रस्तावक समूह/सङ्घ संस्थाहरूको २५ प्रतिशत र लाभग्राही कृषकहरूको ५० प्रतिशत साझेदारी रहने गरी ब्याट्रीबाट चल्ने (Rechargeable battery) चिया टिप्ने हाते मेशिन वितरण गर्ने निर्णय अनुसार इच्छुक कृषक समूह/सहकारी/टोल विकास संस्था/चिया उद्योगी र सो सँग सम्बन्धित सङ्घ संस्थाहरूले तपसिल बमोजिमका कागजातहरू सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८१/११/१३) भित्र कृषि सेवा शाखामा प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू दर्ता गरिने छैन । थप जानकारीको लागि यस शाखाको फोन नं. ०२७-५४०४४८ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल

- रु.१० को टिकट टाँस भएको तोकिएको ढाँचामा निवेदन ।
- दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रतिलिपि ।
- सामूहिक निर्णयको प्रतिलिपि ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- गत आ.व. को लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- चिया खेती गरेको जग्गाको क्षेत्रफल र स्वामित्व वा हक भोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
- आ.व. २०८१/०८२ को तिरो तिरेको रसिदको प्रतिलिपि ।

बोधार्थ श्री सम्पूर्ण वडा कार्यालय, सूर्योदय नगरपालिका (सूचना टाँस गरी प्रचार प्रसार गरिदिनु हुन)

प्रेम पोखेल
प्रशा अधिकृत (कृषि)